दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक २११ | बुटवल | २०८२ साउन ११ गते, आइतबार | नेपाल संवत ११४५ | Sunday July. 27, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



युवा सशक्तिकरण गरौं ।

**युवा सशक्तिकरण किनः**

-नेपाली युवालाई सवल, प्रतिस्पर्धी र आत्मनिर्भर बनाउन,
- राज्यका हरेक अंगमा सार्थक सहभागिता सुनिश्चित गर्न,
- स्वस्थ, कर्मठ र उद्यमी युवाअधिकार सुनिश्चित गर्न,
- कर्तव्यप्रति सचेत युवाजनशक्ति निर्माण गर्न,
- समावेशी र सशक्त युवा नेतृत्वको विकास गर्न,
- नेपाललाई आधुनिक, न्यायपूर्ण र समृद्ध राष्ट्र बनाउन ।

नेपाल सरकार विज्ञापन बोर्ड


## शिक्षा विधेयकमा सरकारको जालझेल : प्रचण्ड

बुटवल । प्रमुख प्रतिपक्षी नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले शिक्षकहरुमाथि बेइमानी र धोका हुन नदिने प्रतिबद्धता जनाएका छन् ।

शनिबार काठमाडौंमा आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्दै उनले सरकारले शिक्षकहरुसँग असार १५ भित्रै विद्यालय शिक्षा ऐन संसद्मा प्रस्तुत गर्नेप्रतिबद्धता जनाए पनि जालझेल गरेर अहिलेसम्म प्रस्तुत नगरेको आरोप लगाए ।

'असार १५ भित्र विद्यालय शिक्षा ऐन बनाइन्छ भनेर सरकारले गरेको कमिटमेण्ट र हामीले ठूलो विचार र बहसबाट गरेको समझदारीका विपरीत फेरि चलखेल भएको छ,' प्रचण्डले भने-'त्यसलाई लट्काउने अनेक कसरत भएका छन् । तर सरकार यसमा सफल हुनेछैन । अन्ततः हामीले जुन लडाईं सुरु गरेका छौं, हामी सफल हुन्छौं । हामी त्यसलाई छोड्नेवाला छैनौं । यो मुद्दा सरकारले जालझेल गरेर रोकिराख्नसक्ने छैन । भलै तपाईंहरुले सोंचे जस्तो नहुनसक्ला । शिक्षकहरुलाई पूरै बेइमानी र धोका हुन दिइनेछैन ।'

## युवा संघबाट खरेल र राई निलम्बित



बुटवल । पूर्व राष्ट्रपति विद्यादेवी भण्डारीको पक्षमा खुलेका राष्ट्रिय युवा संघ नेपालका लुम्बिनी प्रदेश अध्यक्ष सुरज खरेल र केन्द्रीय सदस्य युवन्तिका राईलाई संघले निलम्बन गरेको छ । तर युवा संघले भने उनीहरुलाई कुनै नेता वा गुटमा लागेको कारण नभई अनुशासन र ठगीको उजुरीका आधारमा निलम्बन गरिएको जनाएको छ । दुवै जनाले आफूहरुले विद्या भण्डारीपक्षलाई समर्थन गरेका कारण कारबाही भएको दाबी गरेका छन् ।

खरेललाई अनुशासनहीन र अराजक गतिविधि गरेको कारण पटक-पटक सचेत गराउँदा पनि नमानेपछि कारबाही भएको र इलामकी युवन्तिका राईलाई भने सरकारी कोटामा विदेश पठाइदिने भनी विभिन्न व्यक्तिसँग पैसा उठाएको उजुरीका आधारमा निलम्बन गरिएको संघले जनाएको छ। प्रधानमन्त्रीको छोरी हुँ भन्दै युवन्तिकाले सरकारी कोटामा विदेश पठाउन पैसा लिएको आरोप छ।

खरेललाई संघले एक वर्षका लागि निलम्बन गरेको छ। संघको साउन ९ गते बसेको पदाधिकारी बैठकले खरेललाई निलम्बन गर्ने निर्णय गरेको हो । रुपन्देहीको देवदहका खरेललाई राष्ट्रिय युवा संघ नेपालको विधान २०४७ (दशौ राष्ट्रिय महाधिवेशन, २०८२ जेठ ९-११, पोखरा, कास्कीद्वारा संशोधितको धारा ४१ तथा धारा ४२ (क) र (ख) बमोजिम संगठनका सम्पूर्ण जिम्मेवारीहरूवाट पदमुक्त गर्दै, एक वर्षका लागि संगठनबाट निलम्बन गर्ने निर्णय गरिएको महासचिव रमेश चौलागाईंले जारी गरेको पत्रमा उल्लेख छ।

संघको पोखरामा सम्पन्न १०औं राष्ट्रिय महाधिवेशनका सन्दर्भमा स्पष्टीकरण सोधिएकोमा खरेलले गैरजिम्मेवार र अराजक जवाफ पठाएको, केन्द्रको निर्देशन अवज्ञा गर्दै प्रदेश कमिटीको सचिवालय बैठक राखेको र स्वेच्छाचारी तथा मनोमानी गतिविधि गरेको आरोप लगाइएको छ।

» बाँकी ३ पेजमा

# तिलोत्तमामा फोहरमैला व्यवस्थापनमा पनि राजनीति

### वडाध्यक्षले विधि र प्रक्रिया मिचेर कांग्रेस निकट व्यक्तिलाई अध्यक्ष बनाएपछि टोल विकास संस्थाहरूले आपत्ति जनाएका छन् ।




**लुम्बिनी संवाददाता**

*तिलोत्तमा*

तिलोत्तमा नगरपालिका-वडा नम्बर २ मा वडाध्यक्षले विधि र प्रक्रिया मिचेर फोहरमैला व्यवस्थापन उपभोक्ता समिति निर्माण गरेपछि विवाद चुलिएको छ । गठित समितिलाई अवैधानिक भन्दै टोल विकास संस्थाहरुले आपत्ति जनाएका छन् भने प्रक्रिया मिचेर बनाइएको समितिलाई पूर्णरुपले अस्वीकार गरेका छन् ।

टोलविकास संस्थाका प्रतिनिधिहरु समेत सहभागी भएर अधिवेशनमार्फत् फोहरमैला व्यवस्थापन समिति निर्माण गर्नुपर्नेमा तिलोत्तमा-२ का वडाध्यक्ष डिलबहादुर भट्टराईले सर्वदलीय बैठक बोलाएर समिति निर्माण गरेपछि टोल विकास संस्थाहरुले आपत्ति जनाएका हुन् । उनीहरुले आफू अनुकलको व्यक्ति नेतृत्वमा ल्याउन दलीय आडमा वडाध्यक्ष भट्टराईले सर्वदलीय बैठकमार्फत् समिति निर्माण गरेको भन्दै यो पूर्णतया अवैधानिक रहेको बताएका छन् ।

फोहोरमैला व्यवस्थापन उपभोक्ता समितिको अधिवेशन वडा कार्यालयले गत बैशाख १९ गते तय गरेको थियो । अधिवेशन सम्पन्न गर्न कांग्रेसका टेकबहादुर थापा संयोजक रहने गरी सहजीकरण समिति समेत बनेको थियो । उक्त अधिवेशनमा वडा नम्बर २ अन्तर्गत रहेका ११ वटा टोल विकास संस्थाहरुलाई ५-५ जनाका दरले प्रतिनिधिसहित उपस्थित हुन सूचना समेत जारी गरिएको थियो । टोल विकास संस्थाहरुले उक्त सूचनालाई आधार मान्दै बैशाख १९ गतेको साधारणसभा तथा अधिवेशनमा आफ्ना प्रतिनिधिहरुलाई अधिवेशनमा सहभागी गराए ।

त्यसपछि वडाध्यक्ष भट्टराईले आफू अनुकूलको व्यक्ति नेतृत्वमा आउने सम्भावना नदेखेपछि अधिवेशन स्थगित गराएर साधारणसभा मात्रै गरेको टोल विकास संस्थाहरुको आरोप छ । त्यसपछि वडाध्यक्ष भट्टराईले जेठ मसान्तसम्म अधिवेशन गरिसक्छौं भनेर प्रतिबद्धता समेत जनाएका थिए ।

तर लामो समयसम्म अधिवेशन नगरी वडाध्यक्षले साउन ७ गते सर्वदलीय बैठक बोलाएर इन्द्रमणि अर्यालको अध्यक्षतामा ७ सदस्यीय फोहोरमैला व्यवस्थापन उपभोक्ता समिति निर्माण गरे । टोल सञ्जालका कार्यवाहक अध्यक्ष नारायणप्रसाद चापागाईंले टोल विकास संस्थाका प्रतिनिधिको रोहवरमा अधिवेशन गर्नुपर्नेमा सर्वदलीय बैठकबाट समिति निर्माण गरिएको र त्यो आफूहरुलाई मान्य नभएको बताए । "हाम्रो भनाई नेतृत्वमा को आउँछ भन्ने कुरासँग सरोकार छैन, काम गर्ने र स्वच्छ छविको व्यक्ति आओस् भन्ने हो," उनले भने-"तर विधि र प्रक्रिया मिचेर नेतृत्व चयन गरिएको कुरामा हाम्रो विरोध हो ।"

तर तिलोत्तमा-२ का वडाध्यक्ष डिलबहादुर भट्टराईले भने ६ वटा राजनीतिक दलको सहमतिमा समिति निर्माण गरिएको दाबी गरे । बैशाख १९ गते टोल विकास संस्थाहरुलाई ५-५ जना प्रतिनिधिसहित अधिवेशनमा उपस्थित हुन भनेकोमा टोल विकास संस्थाहरुले समावेशी प्रतिनिधित्व नगराई आफू अनुकूलका प्रतिनिधि पठाएपछि आफूले अधिवेशन स्थगित गराएको उनले बताए ।

तिलोत्तमा नगरपालिकाका १७ वटा वडामध्ये वडा नम्बर २ मा मात्रै २०७६ सालदेखि वडास्तरीय फोहरमैला व्यवस्थापन उपभोक्ता समिति बनेको छ । तत्कालीन वडाध्यक्ष दधिराम गौतमको पालामा स्थानीय फोहोरमैला व्यवस्थापन समिति बनेको थियो ।

अन्य वडाहरुमा नगरपालिकाले फोहोर व्यवस्थापन गर्दै आए पनि वडा नम्बर २ मा भने उपभोक्ताकै पहलमा स्थानीय टोल विकास संस्थामार्फत् फोहर व्यवस्थापनको काम भैरहेको छ । तर पछिल्लो समय फोहरमैला व्यवस्थापन उप-समितिका पदाधिकारीमाथि टोल विकास संस्थाहरुले आर्थिक अनियमितताको समेत आशंका गर्दै आएका छन् ।

"टोल विकास संस्थामा बजेट वृद्धि हुन थालेपछि नेतृत्वमा पनि दलीय हानथाप हुन थालेको छ, यसबाट कतै आर्थिक अनियमितता त छैन भन्ने आशंका जन्माएको छ ।"-टोल विकास संस्थाका एक पदाधिकारीले भने ।

## गण्डकी महामेला दामोदर धर्मोत्सवको तयारी सुरु



बुटवल । गण्डकी नदीको महिमालाई विश्वभर प्रचारप्रसार गरी पर्यटन प्रवर्धन गर्ने उद्देश्यले आयोजना गर्न लागिएको उत्तर गण्डकी महामेला दामोदर धर्मोत्सव-२०८२ को तयारी थालिएको छ । कालीगण्डकी ज्ञानविज्ञान प्रतिष्ठानको आयोजनामा स्याङ्जाको गल्याङ नगरपालिका-१ मालुङ्गा र पाल्पाको रम्भा गाउँपालिका-१ को संगमस्थल उत्तरवाहिनी क्षेत्र (कालीगण्डकी किनार)मा आगामी असोज १९ गतेदेखि कार्तिक १९ गतेसम्म महामेला हुन लागेको हो ।

रुपन्देहीको तिलोत्तमामा शनिबार आयोजित तयारी भेलालाई सम्बोधन गर्दै स्वामी लोकानन्दले धर्मोत्सवले नेपालको धार्मिक पर्यटनको विकासमा नयाँ इट्टा थप्ने बताए । महामेला सम्पन्न गर्न सबैले आ-आफ्नो ठाउँबाट आवश्यक सहयोग गर्न आग्रह गरे । कार्यक्रममा लुम्बिनी प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्री भूमिश्वर ढकालले धार्मिक पर्यटनमार्फत् मुलुकको आर्थिक समृद्धि हासिल गर्न सकिने बताए । महामेलामा देश विदेशबाट आउने गुरु तथा भक्तजनहरुलाई अन्य धार्मिक स्थलहरुमासमेत पुऱ्याउने गरी तयारी गर्नुपर्ने मन्त्री ढकालले बताए ।

गण्डकी प्रदेशका उद्योग तथा पर्यटन मन्त्री मित्रलाल बस्यालले धार्मिक स्थललाई पर्यटनसँग जोड्ने गरी प्रदेश सरकारले योजना र कार्यक्रम बनाएर अघि बढेको बताए ।

कार्यक्रममा लुम्बिनी प्रदेशका प्रमुख सचिव बाबुराम अधिकारीले महामेलालाई राष्ट्रिय महोत्सवका रुपमा अघि बढाउनुपर्ने धारणा राखे । कार्यक्रम संयोजक रामप्रसाद बस्यालले सबैको सहयोगले मात्र धर्मोत्सव सफल हुने बताए । धर्मोत्सवको अवधारणा प्रस्तुत गर्दै ज्योतिष जनार्दन न्यौपानेले धर्मोत्सवले स्थानीय कृषि उत्पादनको बजारीकणमा टेवा पुराउँदै घरेलु तथा साना उद्योगहरुको पनि बजारीकरण हुने बताए ।

कार्यक्रममा कालीगण्डकी ज्ञानविज्ञान प्रतिष्ठानका अध्यक्ष आचार्य चैतन्य कृष्णले केही समय पहिला भारतमा सम्पन्न भएको कुम्भमेलाले भारतको अर्थतन्त्रमा महत्वपूर्ण टेवा पुऱ्याएजस्तै महामेलाले पनि नेपालको समग्र अर्थतन्त्रमा भूमिका खेल्ने बताए । महामेला सम्पन्न गर्न छोटो समयमा आवास गृह, अन्य भौतिक संरचनासँगै स्वागत सत्कार, सुरक्षा, यातायात, भोजन तथा पुजाका सामग्रीलगायतको व्यवस्था गर्नुपर्ने भएकोले सबैले आ-आफ्नो ठाउँबाट सहयोग गर्न आग्रह गरे । महामेलामा नेपाल तथा भारतका गुरुहरुको सहभागिता रहने तथा नेपालसँगै भारतीय भक्तजनलाई समेत भित्राउने गरी तयारी थालिएको प्रतिष्ठानका अध्यक्ष आचार्य चैतन्य कृष्णले बताए। महामेलामा सहभागी हुने भक्तजनहरुलाई देवघाट, रुरुक्षेत्र, सेतीवेणी शीला, मुक्तिनाथलगायतका तीर्थस्थल दर्शनको व्यवस्थासमेत गर्ने उनले बताए ।

यस्तै, कार्यक्रममा कालीगण्डकी ज्ञानविज्ञान प्रतिष्ठानकाका संरक्षक शंकर प्रसाद पाण्डेले गण्डकी क्षेत्रको प्रस्तावित गुरुयोजना अनुसार एक हजार व्यक्तिलाई आवास सुविधा हुने गरी धर्मशाला निर्माण गर्ने, घाट व्यवस्थापन गर्ने, एक हजार क्षमताको सभाहल निर्माण, पाठशाला, यज्ञशाला, गौशाला निर्माण गर्ने योजना रहेको बताए ।

» बाँकी ३ पेजमा




## सम्पादकीय

# कानुन निर्माणमा देखिएको सकस

संघीयता कार्यान्वयनसँग सम्बन्धित कानुन बनाउन ढिलाइ भइरहेको र छिटो बनाउन प्रमुख दलहरुबिच सहमति आवश्यक परेका बेला सत्तारूढ दलहरुबिच नै बिमति बढेको छ। संविधान संशोधन र कानुन निर्माणलाई छरितो ढंगले गर्नेलगायतका सहमति गरी सहकार्य गरेका प्रमुख दल एमाले र कांग्रेसबिच नै चर्को बिमति देखिनु अस्वभाविक छ। लामो समयदेखि कानुन नबन्दाको सकस अब सकिन्छ भन्ने आशा उनीहरुका क्रियाकलापले निराशामा बदलिएको छ।

भूमिसम्बन्धी विधेयकलाई छरितो मार्गबाट अघि बढाउने एमालेको प्रयासमा कांग्रेस तगारो बनेको छ। जनता समाजवादी पार्टी त पहिलेदेखि नै विरोधमा थियो। भूमि विधेयकलाई संशोधन नगर्ने हो भने भूमि आयोगले काम गर्नै नसक्ने अवस्था छ। लामो समयदेखि बसोबास गर्दै आएका अव्यवस्थित बसोवासीलाई लालपूर्जा दिन सत्तारूढ प्रमुख दल नै सहमत नहुनु रहस्यपूर्ण छ। महेन्द्र राजमार्गका विभिन्न ठाउँमा वन क्षेत्र अतिक्रमण गरेर वर्षौंदेखि बस्ती बस्यो। ठूला बजार भए। अब कि त्यो बस्ती हटाउनु पर्‍यो कि त कानुनी दायरामा ल्याउनु पर्‍यो। उत्तम विकल्प भनेको एकपल्टका लागि लालपूर्जा दिने हो। कांग्रेस-एमाले यो विषयमा सहमतिमा छिटो पुग्नुपर्छ। प्रतिनिधिसभाबाट पारित भएको निजामति विधेयकमा राष्ट्रिय सभामा एमालेका सांसदहरुले कुलिङ पिरियड हटाउने भनेर संशोधन राखेका छन्। जसले कांग्रेसलाई झस्काएको छ। एमालेले छिटो शिक्षा विधेयक अघि बढाउन खोज्दा कांग्रेस बाधक बनेको एमाले आरोप छ। छिटो कानुन बन्नुपर्ने विधेयक संसदमै अड्काउन प्रमुख दलहरुबिच नै हानथाप देखिएको छ। अझ सत्तारुढ दलहरुबिच कुनै बिमति छैन भनेर नेताहरुले भनिरहेका बेला असहमति संसदमा देखिनुले दुई ठूला दलको बलियो सरकारमाथि प्रश्न उठाउनेहरुलाई बल पुगेको छ।

मुलुकमा संवैधानिक प्रबन्धअनुसार आवधिक चुनाव भई राजनैतिक संघीयता स्थापित भएको सात वर्ष बितिसकेको छ। पहिलो कार्यकालको पाँच वर्ष सकिएपछि दोस्रो कार्यकालको आधा समय सकिए पनि संघीयता कार्यान्वयनसँग सम्बन्धित कानुन नबन्दा संविधान कार्यान्वयनमा विलम्ब हुनुको साथै तहगत सरकारहरु कामकाजी बन्न नसक्दा व्यवस्थाप्रति नै प्रश्न उठ्ने अवस्था आएको छ। कतिपय नीतिगत सुधारका लागि सरकारले अध्यादेश ल्याएर काम गर्ने बाटो खोलेको छ। तर संसदको नियमित प्रक्रियाबाट बन्नुपर्ने कानुन छिटो बनाउन दलहरु चुक्दाको मार व्यवस्थामा पर्न सक्छ।

संसदमा पुगेका विधेयक प्रक्रियागत ढंगले अघि बढाएर टुंगो लगाउने काम संसदको हो। संसदीय गतिविधिलाई चुस्त र छरितो बनाउन एमाले र कांग्रेसले छिटो सहमतिको विन्दु खोज्नुपर्छ। राजनैतिक नेतृत्वले मात्रै व्यवस्था चल्ने होइन्, बलियो र संस्थागत गर्न आवश्यक कानुन निर्माणको बाटो छिटो अघि बढाउँदा निराशाका रेखाहरु स्वतः मेटिने छन्।

# जलवायु संकटको चक्र





डा. उमेशकुमार आचार्य

नेपालको कृषि अर्थतन्त्र र खाद्य सुरक्षाको आधारस्तम्भ भनेको धान खेती हो तर सन् २०२५ सालको मनसुनले देखाएको ढिलो र कमजोर वर्षाले यस आधारलाई नै हल्लाएको छ। असार महिनाको अन्त्यसम्म पनि तराई र मध्य पहाडी क्षेत्रहरूमा ३०/४० प्रतिशत धान रोपाइँ मात्र भएको अवस्थाले जलवायु परिवर्तनको भयावह प्रभावलाई उजागर गरेको छ। यो केवल एउटा मौसमी अनियमितता मात्र होइन, यो भविष्यमा आउने ठुलो सङ्कटको चेतावनी हो। विश्व बैङ्कको सन् २०२३ को प्रतिवेदनअनुसार नेपाल जलवायु परिवर्तनको पाँचौं सबैभन्दा बढी जोखिममा परेको देश हो। यसले गर्दा कृषिमा निर्भर ६० प्रतिशतभन्दा बढी जनसंख्या प्रत्यक्ष प्रभावित हुनेछ। धान नभएको खेत, पानी नपाएका किसान र बढ्दो खाद्यान्न आयातले नेपालको कृषि राष्ट्रिय पहिचानमा नै प्रश्नचिह्न लगाएको छ। सन् २०२५ सालको मनसुनले देखाएको सङ्कट आँखा खोल्ने खालको छ। यो केवल यो वर्षको उत्पादन सङ्कट नभई भविष्यको खाद्य सुरक्षालाई समेत खतरामा पार्ने चेतावनी हो। तराईका किसान पानी नहुँदा खेत खाली राख्न बाध्य छन् भने पहाडी क्षेत्रका किसानहरू विकल्पविहीन छन्। यदि अब पनि योजनामा परिवर्तन गरिएन भने हरेक वर्ष यस्तो सङ्कट 'सामान्य' बन्ने खतरा देखिन्छ। यदि हामीले वैज्ञानिक समाधान र दीर्घकालीन योजनालाई अहिले नै कार्यान्वयनमा ल्याउन सकेनौं भने यो सङ्कट प्रत्येक वर्ष सामान्य घटना बन्ने छ।

**रोपाइँको अवस्था**

तराई क्षेत्र : सप्तरी, सिराहा, मोरङ, बाँके, बर्दिया र कैलालीमा नहर, जल कुण्ड तथा भूगर्भीय पानीको अभावले आधाभन्दा बढी खेत बाँझो छ। कतिपय ठाउँमा रोपिएको धान पहेँलो भएर बिउमै सुकेका छन्।

मध्य पहाड : काभ्रे, सिन्धुपाल्चोक, नुवाकोट, चितवन, मकवानपुर जस्ता जिल्लामा वर्षा अभाव तथा सिँचाइ स्रोतको कमीले धानको थोरै मात्र रोपिएको छ।

पश्चिम पहाड : पाल्पा, अर्घाखाँची, स्याङ्जा, तनहुँमा तीन/चार हप्तासम्म लगातार वर्षा नभएकोले रोपाइँ ढिलो भएको छ र रोपिएको २० प्रतिशत धान पहिल्यै सुकेको छ।

यसले नेपाल सरकारको खाद्य उत्पादन लक्ष्यमा १५ देखि २० प्रतिशतसम्म गिरावट ल्याउन सक्छ भनेर कृषि मन्त्रालयले चेतावनी दिएको छ। चामलको आयात बढ्ने र मूल्य वृद्धि हुने अनि युवा जनशक्ति अझ बढी पलायन हुने जोखिम पनि नेपाल राष्ट्र बैङ्कले औंल्याएको छ। तत्कालै गर्नुपर्ने कार्यमा विश्व खाद्य कार्यक्रम र सरकारी सहयोगमा आपत्कालीन खाद्य सहायता, सिँचाइ उपकरण अनुदान, कृषि कर्जा छुट आदि देखिन्छन् भने एक वर्षभित्रै मौसम विज्ञान विभागको क्षमता वृद्धि गरी सूचनाको पहुँच पालिका र वडास्तरमा किसानसम्म पुर्‍याउने र खेतीपाती गर्ने समय निर्धारणमा यसको सहयोग लिने अवस्थामा पुर्‍याउनु पर्छ।

**विज्ञानमा आधारित समाधान**

नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) ले जलवायु परिवर्तनलाई दृष्टिगत गर्दै थुप्रै प्रविधि परीक्षण गरी सिफारिस गरिसकेको छ, तर यी प्रविधिहरू किसानसम्म पुग्न नसकेको मुख्य कारण हो -कमजोर प्रसार प्रणाली। हाल वस्तु अनुदानमुखी देखिएको कृषि प्रसार प्रणालीको पुनर्संरचना गरी प्रविधि प्रसार केन्द्रित गर्नु अपरिहार्य भएको छ।

सुक्खा तथा डुबान सहनशील धान जातको प्रवर्धन : नेपाल कृषि अनुसन्धान परिषद्ले विकास गरेका सुक्खा धान १ देखि ६, स्वर्णा सब-१ र साम्बा सब-१ जस्ता धानका जातहरू खडेरी वा आकस्मिक डुबानमा पनि उत्पादन दिन सक्षम छन्। यस्ता जातहरूको व्यापक विस्तार भएमा असामान्य मौसमी अवस्थामा पनि धान उत्पादन सुरक्षित राख्न सकिन्छ।

ड्रम सिडर र न्यून जोत प्रविधिको प्रयोग : ड्रम सिडर जस्ता मेशिन प्रयोग गरी छरुवा प्रविधिमा आधारित ड्राइ सिडेड राइस (डिएसआर) प्रविधिबाट रोपाइँ गर्दा खेत जोत्नुपर्ने समय, पानी र मजदुरको खपत घट्छ। न्यून खानजोत प्रणालीमा माटोको संरचना सुरक्षित रहन्छ र माटोमा रहेको आर्द्रता टिकाइ राख्न सहयोग पुग्छ।

यी प्रविधि लागु गर्दा किसानले छिटो रोपाइँ गर्न सक्ने, कम पानीमा पनि उत्पादन गर्न सक्ने र थप क्षेत्रफलमा धान खेती विस्तार गर्न सक्ने सम्भावना छ। तर कृषि ज्ञान केन्द्रहरू र पालिकाहरूका कृषि शाखाहरूले यी प्रविधिको प्रवर्धन र तालिम दिन सक्रियता नदेखाएको आलोचना व्यापक छ।

**जल व्यवस्थापन**

मनसुन गडबडीका कारण जल सङ्कट व्यापक भइरहेको बेला पानीको दीर्घकालीन स्रोत व्यवस्थापन अनिवार्य भएको छ। परम्परागत पोखरी, नहर, कुलो र धाराको पुनर्जीवन : गाउँघरमा विगतमा प्रयोगमा रहेका पोखरी, पैनी र ढिकुरे कुलो जस्ता संरचना संरक्षण, पुनर्निर्माण र रिचार्ज पिटहरू बनाउने कार्यक्रम आवश्यक छ। यस्ता संरचनाले भूगर्भीय पानी र वर्षा पानीको सञ्चय गरी सिँचाइमा दीर्घकालीन मद्दत पुर्‍याउँछन्। यस कार्यमा स्थानीय र प्रदेश सरकारले कार्यक्रम र बजेट तत्काल विनियोजन गर्नु आजको टडकारो आवश्यकता हो।

सौर्य पम्प र सामुदायिक सिँचाइ : भूगर्भ जलको उपयोग गर्न डिप बोरिङमा आधारित मोटर र सौर्य पम्प प्रविधिको सामुदायिकस्तरमा विस्तार गर्नु पर्छ। हाल व्यक्ति केन्द्रित अनुदान दिने परम्परा बदल्दै एकीकृत सिँचाइ प्रणालीलाई किसान समूह वा सहकारीको नाममा स्थापना गर्दा व्यवस्थापन सहज हुन्छ र सबै किसान लाभान्वित हुन्छन्।

ठुला सिँचाइ आयोजना : विगत लामो समयददेखि निर्माण भइरहेका सिक्टा, बबई, महाकाली-२, रानी जमारा कुलारियालगायतका ठुला आयोजना अलपत्र छन्। अधुरो अवस्थामा रहेका यस्ता ठुलो सिँचाइ आयोजना नेपालको कृषिको भविष्यका लागि महत्वपूर्ण संसाधन हुन्। ती पूर्ण रूपमा सम्पन्न हुँदा लाखौं किसान लाभान्वित हुनेछन्, उत्पादन र कृषिगत आत्मनिर्भरता सुदृढ हुने छ। यो सुनिश्चित गर्न तत्काल सार्वजनिक बजेट र लगानी पुनर्विचार हुनु पर्छ। भारतसँगको जल समझदारीमा सहकार्य आवश्यक छ र नीति-प्रणालीमा सुधार, पारदर्शिता र दिगो अनुगमन व्यवस्था निर्माण गरिनु पर्छ। यिनीहरू सञ्चालनमा आए करिब एक लाख चार हजार ६६ हेक्टर क्षेत्रलाई सिँचाइमा ल्याउन सकिन्छ। जसले देशका किसानलाई वर्षाभर सिँचाइ सुविधा प्रदान गरी उत्पादन वृद्धि, खाद्य सुरक्षा र ग्रामीण आत्मनिर्भरता प्रवर्धन गर्न सकिने छ।

**दीर्घकालीन रणनीति**

जलवायु अनुकूलन केवल बिउ वितरणमा सीमित हुनु हुँदैन। युएनडीपी नेपाल, इसिमोड, आइडिइ जस्ता संस्थाले दिएका सिफारिस कार्यान्वयन गर्दै निम्न विषयमा ध्यान जानु पर्छ :

कृषि विस्तार प्रणालीको पुनर्संरचना : जिल्ला कृषि विकास कार्यालय/कृषि ज्ञान केन्द्र र कृषि प्राविधिकलाई जलवायु-सजग प्रविधि प्रचारमा दक्ष बनाउने तालिम दिइनु पर्छ। ड्रिप सिँचाइ र स्मार्ट मौसम सूचना प्रणाली : सस्तो सिँचाइ र यथा समय जानकारीले किसानको निर्णय क्षमता बढाउँछ। अतः यसतर्फ पनि ध्यान दिनु जरुरी छ।

सहकारी-केन्द्रित जल व्यवस्थापन : सहकारीहरूले सामूहिक सिँचाइ, बिउ बैङ्क र बजार सुनिश्चितता प्रदान गर्ने हुँदा सहकारी केन्द्रित जल व्यवस्थापनतर्फ लाग्नुपर्ने आवश्यकता छ।

यस वर्षको मनसुन सङ्कटले एक पटक फेरि देखाएको छ कि हाम्रो कृषि प्रणाली अझै पनि मौसममा निर्भर छ। हाम्रा कृषि प्रविधि प्रसारको सरकारी संयन्त्र अप्रभावकारी छ र जल संरक्षणको दीर्घकालीन योजनाको अभाव देखिन्छ। वैज्ञानिक रूपमा प्रमाणित प्रविधि हामीकहाँ छन्, जसलाई किसानसम्म पुर्‍याउन कृषि विस्तार प्रणालीलाई सुदृढ बनाउनु आवश्यक छ। यसको अलावा किसानलाई सस्तो सिँचाइ र मौसम सूचना उपलब्ध गराउनु नितान्त जरुरी देखिएको छ।

किसानले प्रविधि पाउने, प्रयोग गर्ने र लाभ लिने प्रणाली चुस्त नबनाएसम्म बर्सेनि सङ्कट टार्न सकिन्न। वैज्ञानिक अनुसन्धान, चुस्त कृषि प्रविधि प्रसार प्रणाली, जल व्यवस्थापन र सामुदायिक शक्तिलाई समन्वय गरिने दीर्घकालीन रणनीति निर्माण गर्नेतर्फ सबैको ध्यान जानुपर्ने हुन्छ। समयमै लगानी नगरे जलवायु सङ्कटको चक्र अझ घनीकृत हुने छ। यदि हामीले वैज्ञानिक सुझाव, सामुदायिक सहभागिता र सरकारी नीतिहरूलाई एकताबद्ध गर्न सक्यौं भने यो सङ्कटलाई अवसरमा परिणत गर्न सकिन्छ। अहिले नै कदम चाल्नु पर्छ। नत्र जलवायु परिवर्तनको यो चक्र अझ गहिरिँदै जाने छ। गोपबाट

# किन दुख्छ बच्चालाई पेट ?



डा.विनिता गुरुवाचार्य



बच्चाहरुको पेट दुखाइ हरेक आमाबुबाको चिन्ताको कारण बनेको हुन्छ। बच्चाको पेट दुखाइलाई हामी तीन भागमा विभाजन गर्न सक्छौं। एउटा सामान्य खालको दुखाइ हो, जसको निदान पनि छिटो हुन्छ। दोस्रो खालको समस्यामा इमर्जेन्सी रुपमा अस्पताल पुर्‍याउनुपर्ने हुन्छ भने तेस्रो खालको समस्या दीर्घकालीन हुन्छन्, जसका लागि लामो समय औषधि सेवन गर्नुपर्ने हुन्छ।

बालबालिकाहरुमा पनि नवजात शिशु तथा १ देखि ३ वर्षका र स्कुल जाने उमेरका बच्चाहरुमा देखिने लक्षणलाई फरक रुपमा हेर्न सकिन्छ।

नवजात शिशुहरुमा पाचन प्रणालीको राम्रोसँग विकास भएको हुँदैन, जसले गर्दा मांसपेशीको राम्रोसँग समन्वय भएको हुँदैन र आन्द्राहरुमा मसल्स स्माजम भइरहेको हुन्छ। त्यसबाहेक पेटमा धेरै ग्यास बन्दा पनि बच्चालाई पेट दुख्ने हुन्छ। बच्चाले स्तनपान गर्दा स्तनको मुन्टो (निप्पल) मात्र चुसिरहेको छ भने ग्यास बढी गएर पेट दुख्ने हुन्छ।

त्योबाहेक वातावरण परिवर्तन भएको (धेरै जाडो या धेरै गर्मी), घरमा धेरै भीडभाड तथा बढी हल्ला भएको अवस्थामा पनि बच्चाले रोएर प्रतिक्रिया दिन सक्छन्। साँझमा रुन्छन् भने काँधमा लिएर मसाज गरिदिँदा ग्यास निस्कन्छ र उनीहरुलाई सञ्चो हुन्छ।

यस्तै, १ देखि ३ वर्षका र स्कुल जाने उमेरका बालबालिकामा पेटको संक्रमण भयो भने पनि पेट दुख्छ। खासगरी यस्तो संक्रमण 'एच पाइलोरी' भन्ने किटाणुले हुन्छ। यसबाहेक चिल्लो, पिरो, बाहिरको जंकफुड तथा रंगयुक्त खाना खाँदा र दुखाइ कम गर्ने औषधि खाँदा पनि ग्यास्ट्राइटिस हुन्छ र पेट दुख्छ।

बच्चालाई बढी हुने समस्या कब्जियत पनि हो। नियमित शौचालय जाने बानी नभएको, दिसा रोकेर राख्ने बालबालिकामा कब्जियत हुन्छ। सामान्यतः हप्तामा तीन पटकभन्दा कम दिसा भएको, दिसा कडा या सुख्खा भएको अवस्थालाई कब्जियत मानिन्छ। धेरैजस्तो बच्चामा गेम खेलेर बसेको अवस्थामा, वातावरण परिवर्तन भएमा या नयाँ ठाउँमा जाँदा दिसा रोकेर राख्ने बानीले पनि कब्जियत भइरहेको हुन्छ। यस्तै, जंकफुड बढी खाने, दूध बढी सेवन गर्ने र सागसब्जी कम खानेमा पनि कब्जियत देखापर्छ।

त्यसैले चौबिस घण्टाभन्दा बढी समयसम्म पेट दुखेको छ, दुखाईले निद्रा बिग्रेको छ, ज्वरो आएको छ, पानीको कमी महसुस भएको छ, केही खाइरहेको छैन, बान्ता भएको छ या रगत मिसिएको बान्ता गरेको छ भने अस्पताल लैजानुपर्छ। यसबाहेक दुखाइसँगै बच्च्चाले राम्रोसँग खाइरहेको छैन, तौल घटेको छ, मस्तिष्कको राम्रोसँग विकास भइरहको छैन भने अस्पताल लैजानुपर्छ।

यस्तै बच्चाहरुमा ग्लुटेन एलर्जी पनि हुन्छ। यो भनेको, गहुँ-जौमा हुने ग्लुटन अर्थात् प्रोटिन खाँदा एलर्जी भएर पेट दुख्ने हो। सँगै, दिसा पातलो हुने र तौल नबढ्ने हुन्छ। बच्चालाई प्रायजस्तो ६ महिनापछि ठोस खाना खुवाइन्छ। गहुँ मिसिएको खाना खुवाइएको छ भने यस्तो लक्षण देखा पर्न सक्छ।

बालबालिकालाई हुने अर्को समस्या 'इन्फ्लेमेट्री बाउल डिजिज' पनि हो। यो शरीरको प्रतिरोधी प्रणालीले आन्द्राविरुद्ध प्रतिरोधी प्रणाली बनाउने र आन्द्रालाई आक्रमण गर्ने अवस्था हो। सानो र ठूलो दुवै आन्द्रा सुन्निएको हुने यो अवस्थामा पेट दुखाइसँगै दिसामा रगत जाने, र्‍यालजस्तो दिसा जाने, तौल नबढ्ने, रगतको कमी हुनेजस्ता लक्षण देखापर्छ। यस्तो समस्या देखिँदा पनि अस्पताल जानुपर्छ।

(डा. विनिता नर्भिक अस्पतालका कन्सल्ट्यान्ट पेडियाट्रिक ग्यास्ट्रोइन्टेरोलोजिस्ट हुनुहुन्छ।)

# विप्लवको सम्पर्क मञ्च माओवादी केन्द्रमा समाहित



गुल्मी । विप्लव नेतृत्वको नेकपाको गुल्मी-काठमाडौं सम्पर्क मञ्च माओवादी केन्द्रमा समाहित भएको छ। नेकपा (विप्लव) निकट संगठन नेकपा माओवादी केन्द्रको गुल्मी काठमाडौं सम्पर्क मञ्चको पाँचौं अधिवेशनको अवसरमा माओवादी केन्द्रमा समाहित भएको हो ।

उनीहरुलाई नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले संगठनमा समाहित भएका नेताकार्यकर्तालाई माओवादी केन्द्रमा स्वागत गरे । नेकपा (विप्लव) को सम्पर्क समिति सहित विभिन्न अन्य राजनीतिक दल परित्याग गरेर पनि धेरै नेताकार्यकर्ता माओवादी केन्द्रमा प्रवेश गरे ।

माओवादी केन्द्रमा समाहित हुने नेताकार्यकर्ताहरूमा बासुदेव पौडेल, अनिषा पन्थी, जीवन भण्डारी, चिराग पौडेल, केशव राज न्यौरे, कुशल ढकाल, सुरज पाण्डे, अर्जुन क्षेत्री, रामकृष्ण ढकाल, युवराज अर्याल, देवीप्रसाद न्यौपाने, सागर भण्डारी, सन्देश न्यौपाने, सुवास सापकोटालगायत रहेका छन् ।

# स्याङ्जाले सरकारलाई पठायो ८६ करोड राजस्व

श्रीकृष्ण सिग्देल

*स्याङ्जा*

स्याङ्जाले आर्थिक वर्ष २०८१/०८२ मा संघ र प्रदेश सरकारलाई ८६ करोड रकम राजस्व दाखिला गरेको छ । कोष तथा लेखा नियन्त्रक कार्यालय स्याङ्जाले दिएको तथ्याङ्कअनुसार संघ र प्रदेश सरकारलाई ८६ करोड ३१ लाख १३ हजार ९ सय १३ रुपैयाँ राजस्व दाखिला गरेको हो। सरकारी कामकाजको सुविधा उपभोग गरेबापत प्रत्येक नागरिकले सरकारलाई राजस्व बुझाउनु पर्ने कानुनी व्यवस्था छ । सोही व्यवस्थाअनुसार जिल्लाका सरकारी कार्यालयहरुले संघ र प्रदेश सरकारको राजस्व खातामा उक्त रकम दाखिला गरेका हुन् । गत आर्थिक वर्ष २०८०/०८१ मा भन्दा आर्थिक वर्ष २०८१/०८२ मा स्याङ्जाबाट संकलन हुने राजस्वमा कमी समेत आएको कोलेनिकाको तथ्याङ्कमा देखिएको छ ।

सरकारको मुख्य आयश्रोतको रुपमा रहेको राजस्व घट्नु आर्थिक सूचकका लागि नकरात्मक मानिन्छ । संघ सरकारको राजस्व घटेको देखिएको छ भने प्रदेश सरकारको राजस्व बढेको देखिन्छ । संघ सरकारलाई आर्थिक वर्ष २०८१/०८२ मा ६६ करोड १५ लाख ८० हजार ३ सय ६० रुपैयाँ राजस्व संकलन भएको छ भने प्रदेश सरकारलाई २० करोड १५ लाख ३३ हजार ५ सय ५३ संकलन भएको कोलेनिका स्याङ्जाले जनाएको छ । आर्थिक वर्ष २०८०/०८१ मा भन्दा आर्थिक वर्ष २०८१/०८२ मा संघ र प्रदेश सरकारलाई दाखिला गरेको राजस्वको तथ्याङ्कअनुसार हेर्ने हो भने ९ करोड ८० लाख ५४ हजार ५ सय ७१ कमी भएको देखिन्छ।

दुई आर्थिक वर्षको तुलनामा आर्थिक वर्ष २०८०/०८१ मा भन्दा आर्थिक वर्ष २०८१/०८२ मा संघ सरकारलाई १३ करोड ९४ लाख ७९ हजार ४ सय ३३ रुपैयाँ राजस्व कम संकलन भएको छ । ०८०/०८१ मा स्याङ्जाले संघ सरकारलाई ८० करोड १० लाख ५९ हजार ७ सय ९३ रुपैयाँ पठाएको थियो । यसको तुलनामा प्रदेश सरकारलाई भने ४ करोड १४ लाख २४ हजार ८ सय ६२ रुपैयाँ राजस्व बढी संकलन गरेको छ । आर्थिक वर्ष २०८०/०८१ मा प्रदेश सरकारलाई १६ करोड १ लाख ८ हजार ६ सय ९१ रुपैयाँ राजस्व दाखिला भएको कोलेनिका प्रमुख थमनारायण शर्माले बताए ।

राजस्वमा कमी आउनु विदेश पलायन भएको कोलेनिका प्रमुख शर्माको बुझाइ छ । 'कमाउने र खर्च गर्ने वर्ग भनेको युवा नै हो,' उनले भने-'यो वर्ग नै विदेश पलायन छ जसले गर्दा आर्थिक चलायमान नै छैन, जसले गर्दा व्यपार व्यवसायमा मन्दी छ, जुन मन्दीले मुलुकको राजस्वमा समेत प्रभाव पारेको छ।' स्याङ्जामा मात्रै नभएर देशभरी नै राजस्वमा गिरावट आएको शर्माको भनाइ छ । बजार चलायमान छैन, होटल, रेष्टुरेण्ट, फेन्सीलगायतका व्यवसायमा कारोबार भएको छैन । व्यवसायीहरु पनि पलायन हुने अवस्थाले गर्दा राजस्व संकलनमा कमी आएको कोलेनिका प्रमुख शर्माको बुझाइ छ ।

संघ सरकारलाई सबैभन्दा धेरै राजस्व करदाता कार्यालय स्याङ्जाले पठाएको छ। करदाता कार्यालय स्याङ्जाले ५३ करोड ३१ लाख ५१ हजार ४२ रुपैयाँ रकम संकलन गरेको थियो । संघ सरकारका लागि ४० कार्यालयले राजस्व संकलन गर्ने गर्दछन् । जसमध्ये १३ कार्यालयले राजस्व नै पठाउन सकेनन् । राजस्व पठाउन नसक्ने कार्यालय मालपोत कार्यालय स्याङ्जा, दुर्गा भन्जन गुल्म, वडा प्रहरी कार्यालय वालिङ, निर्वाचन कार्यालय, जिल्ला आयोजना कार्यान्वयन इकाई (शिक्षा), जिल्ला आयोजना कार्यान्वयन इकाई (अनुदान व्यवस्थापन) कार्यालय, तथ्याङ्क, राष्ट्रिय अनुसन्धान, जिल्ला आयोजना कार्यान्वयन इकाई (भवन तथा आवसीय), इलाका प्रहरी कार्यालय मग्याम चिसापानी, समरजित गुल्मलगायतका रहेका छन् ।

त्यस्तै प्रदेश सरकारलाई सबैभन्दा धेरै राजस्व पूर्वाधार कार्यालय स्याङ्जाले पठाएको छ। आर्थिक वर्ष २०८१/०८२ मा पूर्वाधार कार्यालयले १४ करोड २० लाख ३५ हजार १३ रुपैयाँ राजस्व प्रदेश सरकारलाई पठाएको छ । सबैभन्दा कम राजस्व जिल्ला अस्पताल स्याङ्जा रहेको छ ।

जिल्ला अस्पतालले प्रदेश सरकारलाई ३ सय राजस्व पठाएको छ । कोलेनिकाले दिएको तथ्याङ्कअनुसार ३५ सरकारी कार्यालयले प्रदेश सरकारको राजस्व संकलन गर्दछन् । जसमा ११ सरकारी कार्यालयले प्रदेश सरकारलाई राजस्व पठाउन सकेनन् । जसमा आँधीखोला, अर्जुनचौपारी, फेदिखोला, हरिनास गाउँपालिका र गल्याङ नगरपालिका रहेका छन् । त्यसैगरी रेशम विकास कार्यक्रम, बहुप्राविधिक शिक्षालय, प्रदेश लेखा इकाई कार्यालय, जिल्ला आयुर्वे स्वास्थय केन्द्र, किसान बहुप्राविधिक शिक्षालय लगायतका कार्यालयहरु रहेका छन् ।

संघ सरकारलाई अन्तःशुल्क, भ्याटलगायत मालपोतको पुँजीगत लाभांश बापतको राजस्व संकलन हुन्छ भने प्रदेश सरकारलाई मालपोत कर, दहत्तहरबहत्तर कर सवारी करलगायत संकलन हुने गर्दछन् । आँधीखोला गाउँपालिकाले भने प्रदेश सरकारलाई पठाउनुपर्ने राजस्व दाखिला गरेको दाबी गरेको छ । कोलेनिकामा आँधीखोला गाउँपालिकाको राजस्व संकलनमा शुन्य देखाएपछि सोधेको प्रश्नमा प्रमुख प्रशासकीय अधिकृतले राजस्व दाखिला गरेको जिकिर गरे ।

# ओमशान्तिमा ट्राफिक सचेतना



भैरहवा । जिल्ला ट्राफिक प्रहरी कार्यालय रुपन्देहीले ब्रम्हकुमारी इश्वरीय विश्वविद्यालयमा सडक प्रयोगकर्ताहरुलाई ट्राफिक सचेतना तथा सवारी दुर्घटना न्यूनीकरणसम्बन्धी कार्यक्रम गरेको छ ।

शनिबार ब्रम्हकुमारी इश्वरीय विश्वविद्यालयको सभाहलमा भएको कार्यक्रममा जिल्ला ट्राफिक प्रहरी कार्यालय रुपन्देहीले सिद्धार्थनगरवासी तथा सरोकारवाला निकायहरु, ओमशान्ति परिवार, जनप्रतिनिधि र सञ्चारकर्मीहरुलाई सवारी दुर्घटना न्यूनीकरण गर्ने विषयमा सचेतना प्रदान गरको हो ।

कार्यक्रममको उद्घघाटन सत्रमा बोल्दै सिद्धार्थनगर नगरपालिकाका प्रमुख इस्तियाक अहमद खानले ट्राफिक नियमको पालना गऱ्यौं भने हाम्रो जीवनयापन सहज र सुरक्षित हुने बताए । उनले सडकमा हिंड्ने यात्रुदेखि लिएर सवारी चालकहरुलाई ट्राफिक नियमको पूर्ण जानकारी हुनुपर्ने कुरा व्यक्त गरे ।

ब्रम्हकुमारी इश्वरीय विश्वविद्यालय भैरहवाकी प्रमुख शान्ति दिदिले सधैं ध्यान र आत्मज्ञान प्रदान गर्ने हलमा सबैलाई राखेर ट्राफिक सचेतना गर्न पाउन खुसी र आनन्द प्राप्त भएको बताइन ।

हामी सबैले दैनिक जसो सडक प्रयोग गर्नुपर्ने हुँदा सडक प्रयोग गर्दा ट्राफिक नियमको जानकारी हुनुपर्ने भन्दै शान्ति दिदिले जिल्ला ट्राफिक प्रहरी कार्यालय रुपन्देहीले दिएको यो ज्ञान सबैले व्यवहारमा लागु गर्न आग्रह गरिन ।

ट्राफिक सचेतनाका प्रशिक्षक तथा जिल्ला ट्राफिक प्रहरी कार्यालय रुपन्देहीका प्रमुख प्र.नि. रञ्जु के.सी.ले सहभागीलाई सडक प्रयोग गर्दा ध्यान दिनुपर्ने ट्राफिक नियमहरुको विषयमा प्रशिक्षण प्रदान गरिन ।

उनले सडक प्रयोगकर्ता तथा सवारी चालक र पैदल यात्रीले सकड प्रयोग गर्दा अपनाउनुपर्ने सडक नियमहरुका विषयमा जानकारी दिइन ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय रुपन्देहीले आर्थिक वर्ष २०८१/०८२ मा विभिन्न सचेतना मूलक कार्यक्रम गर्नुका साथै सडक व्यवस्थापनका क्षेत्रमा महत्वपूर्ण कार्यहरु गरेको छ ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय रुपन्देहीमा कार्यालय प्रमुखको रुपमा प्र.नि. के.सी.को आगमनसँगै ट्राफिकलाई प्रविधिमैत्री बनाउनुका साथै तिव्रगतिबाट हुने दुर्घटना न्यूनीकरण गर्न सिद्धार्थ राजमार्गमा राडरगनसहितको एनपीआर क्यामरा जडान गरी सवारी साधनलाई निगरानी बढाउने र कार्बाही गर्ने कामले निरन्तरता पाएको छ । ट्राफिक प्रहरीले विभिन्न कलेज तथा विद्यालयहरु र संघसंस्थामा ट्राफिक सचेतना, सेवालाई छिटोसरितो बनाउँदै सवारी दुर्घटना न्यूनीकरणमा ध्यान दिएको देखिन्छ ।

मानिसहरुलाई सडकमा सुरक्षित यात्रा गर्नका लागि ट्राफिक प्रहरीले विभिन्न अभियान सञ्चालन गर्नुका साथै स्थानीय पालिकासँग सहकार्य गरी ट्राफिक सचेतना र सवारी साधन व्यवस्थापनमा महत्वपूर्ण कार्य गरिरहेको छ ।

## युवा...

खरेलसँग साउन २५ गते सोधिएको स्पष्टीकरणमा १०औं राष्ट्रिय महाधिवेशनमा अध्यक्षमण्डलका सदस्यहरूमाथि अशिष्ट र अभद्र व्यवहार गरेको, प्रतिनिधिहरूलाई धम्काएको र सामाजिक सञ्जालमा पार्टी नेतृत्वनाई लाञ्छना लगाउने र मानहानी गर्नेलगायतका गतिविधि गरेर पार्टी तथा संगठनको हितमा नकारात्मक असर पारेकोले तीन दिनभित्र भौतिकरुपमा उपस्थित भई स्पष्टीकरण पेश गर्न निर्देशन दिइएको थियो । खरेलले भौतिकरुपमा उपस्थित नभई इमेलमार्फत् तीन पेज लामो स्पष्टीकरण दिँदै आफूमाथि लगाइएको सबै आरोप अस्वीकार गरेका थिए ।

उनले महाधिवेशनमा अध्यक्षमा सुमन पुरीलाई समर्थन गरेको तर, कसैलाई अभद्र व्यवहार नगरेको, सामाजिक सञ्जालमा नेतृत्व परिवर्तनको कुरा उठाउनु अपराध नभएको जवाफ फर्काएका थिए । 'पार्टीलाई एकताबद्ध र बलियो बनाउन नेतृत्वको विकल्प खोज्नु कुनै अपराध होइन,म अधिवेशनबाट निर्वाचित भएको हुँ, मलाई हटाउन अर्को अधिवेशनले मात्रै सक्छ,' खरेलले भने-'निलम्बनको निर्णय अन्यायपूर्ण र पूर्वाग्रहप्रेरित छ, म संघमै क्रियाशील रहेर गतिविधि अघि बढाउँछु, आवश्यक परे समानान्तर कमिटी बन्न सक्छ।' सुरज देवदह नगरपालिकाका मेयर ध्रुव खरेलका छोरा हुन् । खरेलले एमाले अध्यक्ष एवं प्रधानमन्त्री केपी ओलीले मार्गप्रशस्त गर्नुपर्ने तर्क गर्दै सम्मानसहित पार्टी नेतृत्व परिवर्तनको कुरा सामाजिक सञ्जालमार्फत् उठाउनुलाई लोकतान्त्रिक अभ्यास भनेका छन् । 'पार्टीको माया छ, र पार्टीलाई एक ढिक्का बनाएर अघि बढाउने आशा अझै बाँकी छ। अब मार्गप्रशस्त तपाईंले गर्नुपर्छ, जनता बोलिरहेका छन्, सुन्नुहोस् ।'-खरेलले केही हप्ताअघि एमाले अध्यक्ष ओलीसँग खिचेको तस्विरसहित फेसबुकमा स्टाटस लेखेका थिए ।

## गण्डकी...

यस्तै, पूर्वमन्त्री पद्मा अर्याल, संविधानसभा सदस्य मुक्तिप्रसाद पाठक, गण्डकी प्रदेशसभा सदस्य महेश भट्टराई, लुम्बिनी प्रदेशसभा सदस्य राजुप्रसाद श्रेष्ठ, बुटवल उप-महानगरपालिकाका नगरप्रमुख खेलराज पाण्डेय, सुनवल नगरपालिकाका नगर प्रमुख विमला अर्याल, रम्भा गाउँपालिकाका अध्यक्ष विष्णुप्रसाद भण्डारी, गल्याङ नगरपालिकाका नगर प्रमुख कुलप्रसाद भट्टराई, नेपाल चेम्बर अफ कमर्श लुम्बिनी प्रदेश अध्यक्ष टंक पोखरेललगायतले आ-आफ्नो भनाइ राख्दै महामेला सम्पन्न गर्न सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाए ।

देशको अर्थतन्त्रलाई चलायमान बनाउँदै आर्थिक समृद्धि हासिल गर्नका लागि आध्यात्मिक बाटो उत्तम हुने आयोजकको दाबी छ । महामेला सम्पन्न गर्न संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, गण्डकी प्रदेश उद्योग तथा पर्यटन मन्त्रालय, लुम्बिनी प्रदेश उद्योग, पर्यटन तथा यातायात मन्त्रालय, बुटवल उप-महानगरपालिका, गल्याङ नगरपालिका, अर्जुनचौपारी गाउँपालिका, रम्भा गाउँपालिका, गैंडाकोट नगरपालिका देवघाट गाउँपालिका, बर्दघाट नगरपालिका, सुनवल नगरपालिका, तानसेन नगरपालिका, रामपुर नगरपालिका, वाणगंगा नगरपालिका, चापाकोट नगरपालिका, बगनासकाली गाउँपालिका, कालीगण्डकी गाउँपालिका स्याङ्जा, पर्यटन विकास परिषद् लुम्बिनी प्रदेश सह-आयोजकको भूमिकामा रहेका छन् ।

उत्तरबाहिनी क्षेत्रमा दर्शन तथा स्नान गरेमा सम्पूर्ण पाप नास हुने विश्वास गरिन्छ । महामेला अवधिभर ५ अर्ब तुलसीदल, गाईको दूध र गण्डकीजलद्वारा सवा लाख शालग्राम भगवानको अभिषेक पूजन, डुंगा एवं स्टीमरद्वारा गण्डकी भ्रमण दामोदर कथा, दीपदान तथा श्रृङ्गारिक आरती, विश्वविख्यात संत एवं गुरुहरुद्वारा आशीर्वचन, उत्तरबाहिनी महास्नान, उत्तरबाहिनी पूजन, तर्पण, परिक्रमा एवम् तीर्थ श्राद्ध, श्रीकृष्णलीला, गौरलीला तथा रामलीला, योग एवं बालसंस्कार प्रशिक्षण, हरिनाम संकीर्तन एवं माता-पिता पूजनको व्यवस्था गरिनेछ ।

साथै राष्ट्रिय लोकभजन प्रतियोगिता, राष्ट्रिय वक्तृत्वकला प्रतियोगिता, धार्मिक तथा साँस्कृतिक हाजिरीजवाफ, निबन्ध लेखन, कविता र टिकटक प्रतियोगिता सञ्चालन गरिने संस्कृतिविद् डा.तुलसी प्रभासले जानकारी दिए । साथै सन्तहरूको साथमा देशविदेशका वैज्ञानिकहरूले पनि विचार गोष्ठीमा सहभागिता जनाउनेछन् र धर्मको वैज्ञानिकताको प्रसार गर्नेछन् । धार्मिक र वैज्ञानिक दुवै क्षेत्रका मूर्धन्य व्यक्तिहरूले एकै मञ्चबाट विश्वलाई नयाँ सन्देश प्रवाह गर्ने उद्देश्य राखिएको छ ।

भेलाले रुपन्देही, नवलपरासी र कपिलवस्तुमा प्रचारप्रसारका लागि रामप्रसाद बश्याल संयोजक रहनेगरी समिति गठन गरेको छ । जसको सह-संयोजकमा शंकरप्रसाद बश्याल, सचिवमा डिल्लीनारायण पाण्डे, कोषाध्यक्षमा शोभाखर भण्डारीलगायत रहेका छन् ।

# एसईई रोल्पा प्रथम पूजालाई सम्मान




रोल्पा । एसईई परीक्षा २०८१ मा रोल्पा जिल्ला प्रथम भएकी पूजा थापालाई सत्प्रयास समूहले नगदसहित सम्मान गरेको छ। शनिबार रोल्पाको लिबाङमा आयोजित कार्यक्रममा लुम्बिनी प्रदेशका निवर्तमान स्वास्थ्यमन्त्री तथा सांसद दीपेन्द्रकुमार पुनले थापालाई सम्मान गरेका हुन् । सत्प्रयास समूहले उनलाई ५१ हजार पाँच रुपैयाँ नगद तथा सम्मानपत्र प्रदान गरेको छ । पूजाले लिबाङस्थित बालकल्याण नमूना माविबाट जिल्लामा सबैभन्दा धेरै अंक ३.९१ जीपीए प्राप्त गरेकी थिइन् ।

सम्मान कार्यक्रममा बोल्दै सांसद पुनले सत्प्रयास समूहको यस कार्यले विद्यार्थीलाई थप प्रोत्साहन गर्ने बताए । उनले 'म को हुँ र मैले के गर्ने ?' भन्ने विषयमा जानकारी भएमा प्रगतिका लागि पर्याप्त बाटाहरु रहेको बताए ।

सम्मान कार्यक्रममा बोल्दै एसईई जिल्ला प्रथम पूजा थापाले जुन विषय वा ज्ञान आफूलाई आवश्यक हो, त्यसमा मात्र जानकारी लिनुपर्ने बताइन् । प्रविधिले ज्ञान प्राप्तीका अनेक उपाय ल्याइदिएको चर्चा गर्दै उनले निश्चित लक्ष्य राखेर अगाडि बढेमा सफलता आफूसँगै हुने बताइन् । पुजाको बुवा ओविलाल थापाले अभिभावकले अध्ययनका लागि हौसला दिने र वातावरण मिलाइदिन सके बालबच्चाहरुले आफैं प्रगति गर्ने बताए ।

सम्मानित हुने पूजा थापाले आफूले सम्मानवापत् प्राप्त गरेको जम्मा रकमको २० प्रतिशत रकम अर्थात् १० हजार रुपैयाँ बाल क्लबलाई दिने घोषणा गरेकी छिन् । हालसम्म आफू क्रियाशील रहेको बालकल्याण नमूना माविको बाल क्लबमा अक्षयकोष स्थापना गर्ने र त्यसको व्याज रकमबाट गरिब तथा जेहेन्दार विद्यार्थीलाई प्रोत्साहन गरिने उनको भनाइ छ ।

गतवर्षदेखि सत्प्रयास समूहले सुरु गरेको एसईई जिल्ला प्रथम हुनेलाई सम्मान गर्ने अभियान निरन्तर जारी रहने समूहका अभियन्ता काशीराम डाँगीले बताए । समूहले गतवर्ष प्रतीक भण्डारीलाई सम्मान गरेको थियो । समूहको नेतृत्वमा विभिन्न २७ जना व्यक्तिहरुको आर्थिक साझेदारीमा रकम संकलन गरी सम्मान गरिएको र हरेक वर्ष यसैगरी गरिने अभियन्ता खेम बुढामगरले बताए ।

**अनुसूची-१५**

(**दफा ३३ को उप-दफा** (२) **सँग सम्बन्धित**)

## काठ र दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

प्रथम पटक सूचना प्रकाशन मिति २०८२/०४/११

रहतावल सामुदायिक वन उपभोक्ता समूह, शिवराज न.पा.-०३ र ०५ कपिलवस्तुको वन क्षेत्र बाट नियमानुसार आ.व.२०८१/०८२ मा संकलन गरी उत्पादन भएका काठ/दाउरा, २०८०/०८१ मा उत्पादन भई जिल्ला वन पैदावार आपुर्ति समितिबाट फिर्ता भएको काठ, आ.व.२०८०/०८१ मा संकलन गरी उत्पादन भई आन्तरिक खपत नभएको काठ/दाउरा तथा आ.व. २०७९/०८० मा उत्पादन भई बिक्री नभएको काठ सा.व.उ.स.को घाटगद्दीमा लट बनाई राखिएको साल लगायत जातको गोलिया थान ३०९५ को १८००७ क्यु.फि. काठ र साल लगायत जातको १९ चट्टा दाउरा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। रितपुगेका इच्छुक वन पैदावारमा आधारित (काठ/दाउरा) संचालनमा रहेका उद्योगहरुले मात्र यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन सम्ममा बोल पत्र खरिद गरि २२ औं दिन भित्रमा सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण ब्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री रहतावल सामुदायिक वन उपभोक्ता समूह,**

**शिवराज न.पा -०३ र ०५ कपिलवस्तु**

## शिक्षक आवश्यकता सम्बन्धि सूचना ।

मितिः २०८२/०४/११

प्रस्तुत विषयमा यस जितेश्वरी मा.वि. बुटवल-१३ रुपन्देहीमा रिक्त नि.मा.वि. नगर अनुदान तर्फको विज्ञान विषयको कोटामा शिक्षक नियुक्ती गर्नु पर्ने हुदा बुटवल उ.म.न.पा. को च.नं. ०१४५ को अनुमति पत्रानुसार र यसै विद्यालयको वि.व्य.स.को २०८२/०४/०८ को निर्णय अनुसार तपशिलका योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट दरखास्त आव्हान गरिन्छ ।

**तपसिल :**

१) **विज्ञापन नं.** : ०१/०८२/८३   २) **तह नि.मा.वि.** (नगर अनुदान)   ३) **पद** : शिक्षक

४) **विषयः** विज्ञान   **संख्या** : १   (५) **उमेर** : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।

६) **शैक्षिक योग्यता** : विज्ञान मूल विषय लिई कक्षा १२ उत्तीर्ण वा सो सरह ।

(७) **दरखास्त दिने मिति** : २०८२/०४/०८ गते देखी २०८२/०४/२२ गते सम्म ।

८) **दरखास्त दिने स्थान र समयः** विद्यालय, विद्यालयको समय भित्र ।

९) **पेश गर्नुपर्ने कागजातहरुः** - नागरिकता १ प्रति   - शैक्षिक योग्यताका प्रमाण पत्रहरु ११ प्रति

- स्थायी अध्यापन अनुमति पत्रको प्रमाणित प्रतिलिपि १ प्रति

१०) **तलब स्केल** : नगरपालिकाको नियमअनुसार   ११) **दरखास्त दस्तुर** : १०००/- अक्षरुपी : रु एक हजार मात्र ।-

१२) परीक्षाको किसिम : लिखित तथा अन्तवार्ता ।   १३) **सम्पर्क मिति** : २०८२/०४/२३ कार्यालय समय भित्र ।

(१४) सम्पर्क मिति र स्थान सम्पर्क मितिमा तोकिनेछ ।   सम्पर्क नं.: ०७१-४२४२३९, मो नं. ९८४७०४७८११

**उपेन्द्र ज्ञवाली**

**प्रधानाध्यापक**

**श्री जितेश्वरी माध्यमिक विद्यालय**

**बुटवल उपमहानगरपालिका-१३**

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?

हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।

क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी

**विशाल सेनेटरी**

बर्मेलीटोल, भैरहवा

मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः

**तिनाउ सेनेटरी**

बुटवल-१०, सुख्खानगर, रूपन्देही,

फोन: ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टेी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः

**सीताराम सफा सेनेटरी**

भैरहवा

९८६९७८९२७५,९८००७६०६२२

दैनिक लुम्बिनी

# साहित्यकार जयदेव गौतमद्वारा लिखित कृति 'किताबको अंगालोमा' बुटवलमा परिचर्चा



बुटवल । पाल्पाका साहित्यकार जयदेव गौतमले लेखेको कृति 'किताबको अंगालोमा' को बुटवलमा परिचर्चा गरिएको छ ।

लुम्बिनी बाङ्मय प्रतिष्ठान नेपालको आयोजनामा भएको परिचर्चा कार्यक्रममा पुस्तकको बारेमा तथा यसले उठाएको विषयहरुको बारेमा उल्लेख गरिएको थियो ।

गौतमको चौथो पुस्तकको रुपमा प्रकाशित कृति 'किताबको अंगालोमा' मा गौतमले आफूले पढ्ने क्रममा अध्ययन गरेका विविध विधाका कृतिहरुको समीक्षा गरेका विषयहरु यसमा समावेश गरेका छन् । २ सय ७५ पेज लामो पुस्तकमा विभिन्न ४२ कृतिहरुका सवल र दुर्वल पक्षहरुलाई पनि उल्लेख गरिएको छ ।

कार्यक्रममा बोल्दै प्राडा कपिल लामिछानेले साहित्यका दुई पाटोका बिचमा धेरैले नबुझ्केको बताउँदै साहित्यिक र समालोचनात्मक पाटोका आ-आफ्नै क्षेत्र रहेको उल्लेख गरे ।

कार्यक्रमका प्रमुख अतिथि समेत रहेका उनले यो पुस्तक समालोचनात्मक समीक्षा रहेको उल्लेख गर्दै अधिकांश समीक्षा र केहीको समालोचनात्मक सामग्रीहरु लेखिएको बताए ।

लेखकले सबै विषय रुचिका नरहेकोले केहिको अलि लामो र केहीको छोटो समीक्षा गरिएको बताउँदै उनले कृतिमा अन्तरवस्तु, प्रस्तुतिकरण, तथ्यगत त्रुटि, समाजमा पर्ने प्रभावलगायत सबै कुराहरु समावेश गरेर उत्कृष्ट कृति तयार भएको भन्दै प्रशंसा गरे ।

सो अवसरमा साहित्यकार ऋषिराम भुसाल, त्रिभुवन बहुमुखी क्याम्पस तानसेन पाल्पाका प्रमुख डा. टंक पन्थ, माया घिमिरे र रामचन्द्र श्रेष्ठले पुस्तकको समीक्षा गर्दै ४२ कृतिको समीक्षा गरिएको बताउँदै ती कृतिलाई पाठकसम्म पुग्नेगरी लेखिएको बताए । उनीहरुले गौतमले पाठकीय चेतनाको माध्यमबाट समीक्षा गरेर लेखेको कृति रहेको पनि उल्लेख गरे ।

यहि असारमा विमोचन भएको कृतिका लेखक गौतम शारीरिक अवस्थाताका कारणले अमेरिकामा उपचाररत रहे पनि उनको परिवारको सहयोगमा परिचर्चा गरिएको हो । कार्यक्रममा तारा गौतम, राजेन्द्र थापालगायतले लेखकको अहिलेको अवस्थाको बारेमा बताउँदै पुस्तक लेख्नुको अन्तर्य समेत प्रष्ठाएका थिए ।

साहित्यकार गौतमका विश्वकप फुटबल कथा एक गाथा अनेक, लक्ष्मणरेखाका दासहरौं निवन्द संग्रह, ती निला आँखा निवन्द संग्रह यसअघि प्रकाशन भएका छन् ।

लुम्बिनी बाङ्मय प्रतिष्ठान नेपालका केन्द्रीय अध्यक्ष ऋषि आजादको अध्यक्षता तथा महासचिव पुरुसोत्तम पाण्डेको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो ।

# मौरी पालेर वार्षिक पाँच लाख आम्दानी गर्दै पोखरेल



**केशव पराजुली**

*नवलपरासी*

पश्चिम नवलपरासीको बर्दघाट नगरपालिका पुनर्बासका पशुपति पोखरेलले मौरी पालन व्यवसायबाट वार्षिक रुपमा ५ लाख आम्दानी गर्दै आएका छन् । एक घारबाट सुरु गरेको मौरी पालन अहिले व्यवसायीकरुपमा परिणत भएको छ ।

पश्चिम नवलपरासीको बर्दघाट नगरपालिका वडा नम्बर १ पुनर्बासमा रहेको नमूना मौरी पालन व्यवसायिक रुपमा अगाडि बढेको हो । पाल्पाको सोमादीबाट बसाईसराइ गरेर नवलपरासीको बर्दघाटमा २०५० सालमा पोखरेल नवलपरासी आएका थिए । नवलपरासी आएपछि वैदेशिक रोजगारीका लागि दुवई गएका पोखरेलकी श्रीमतीले घरमा एक घारबाट सुरु गरेको मौरी पालन अहिले व्यवसायिक रुपमा अगाडि बढेको छ ।

श्रीमान विदेश गएको भए पनि घरमा श्रीमतीले मौरी व्यवसायलाई निरन्त्ररता दिँदै आएकि थिइन । विदेशमा रहेका पोखरेल केहि वर्षपछि घरमा आएर पौरी पालनलाई नै निरन्त्ररता दिन थालेका छन् । विदेश छाडेर नेपाल फर्किएका पोखरेलले मौरी पालन व्यवसायलाई अगाडि बढाउँदै गएपछि विदेश जान समेत छोडे । पोखरेलले अहिले आफ्नै घरमा ६० घार मौरी पाल्दै आएका छन् । पोखरेलको मौरी पालन व्यवसालाई कृषि ज्ञानकेन्द्र पश्चिम नवलपरासी बर्दघाट नगरपालिकाले विभिन्न अनुदान दिने गरेको पोखरेलले बताए । वर्षमा ३० देखि ५० क्वीन्टलसम्म मह उपादन गर्ने पोखरेलले उत्पादन गरेको मह देशका विभिन्न शहरमा जाने गरेको बताए । तोरीको सीजनको बेला ५ सय प्रतिकेजि र अन्य फूलको मह ८ सय रुपैयाँ किलोमा बिक्री हुँदै आएको पोखरेलको भनाइ छ ।

मौरीमा कुनै रोग नलाग्ने भएका कारण पनि मौरी पालनमा व्यवसाय अन्य व्यवसाय जस्तो जोखीम भने नरहेको उनले बताए ।

भारतीय नक्कली महका कारण नेपाली मह व्यवसायीमा केही समस्या भएका कारण मर्कामा पर्ने गरेको भए पनि पछिल्लो समयमा नक्कली महको व्यपार गर्नेलाई कारबाही हुन थालेपछि बजारको समस्या नभएको पोखरेलको भनाई छ ।

बजारमा पाइने डाबर र पतञ्जलीको महको नाममा ठगी भैरहेको उनले बताए ।

आफूले उत्पादन गर्ने मह खाद्य प्रविधि प्रयोग शालाबाट परीक्षण गरेको प्रशोधित मह रहेको पोखरेलले भनाइ छ ।

पोखरेल र श्रीमतीले मौरी पालन व्यवसाय चलाउँदै आएको भए पनि सिजनमा केही व्यक्तिहरुलाई समेत रोजगारी दिने गरेको पोखरेलले बताए । सिजनमा मौरीलाई चराउन अन्यत्र लग्नु पर्दा केही व्यक्तिहरुलाई रोजगारी दिने गरेको उनको भनाइ छ ।

# पृथ्वीचन्द्र अस्पतालको नयाँ भवन उद्घाटन



नवलपरासी । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले विशेषज्ञ उपचार सेवालाई सबैको पहुँचमा पुऱ्याउने गरी सरकारले भूमिका बढाउँदै लगेको बताएका छन् । प्रदेश सरकारले विशेषज्ञ उपचार सेवा सुनिश्चित गर्दै प्रत्येक नागरिकका लागि समान पहुँच स्थापना गर्ने उद्देश्यले मातहतका अस्पतालहरूको सेवा, सुविधा र संरचना सुदृढ बनाउँदै लगेको उनले स्पष्ट पारे ।

शनिबार पश्चिम नवलपरासीस्थित पृथ्वीचन्द्र अस्पतालको नयाँ भवन उद्घाटन गर्दै मुख्यमन्त्री आचार्यले उपचार सेवा जनताको पहुँचमा पुऱ्याउन सरकार सबै तहबाट सक्रिय रहेको धारणा राखेका थिए । उनले भने-'हिजोको अवस्था के थियो ? हाम्रा अस्पताल कस्ता थिए ? त्यहाँ कस्तो सेवा, सुविधा थियो ? अहिले कस्ता भएका छन् ? तुलना गर्न जरुरी छ । प्रदेश सरकार बनेपछि अस्पतालको सेवा सुदृढ भएका छन् । विशेषज्ञ उपचार सेवालाई सबैको पहुँचमा पुऱ्याइरहेका छौं ।'

मुख्यमन्त्री आचार्यले लुम्बिनी प्रदेशलाई स्वास्थ्य सेवातर्फ उत्कृष्ट प्रदेश बनाउने गरी सरकारले लगानी गरिरहेको स्पष्ट पारे ।

अस्पताललाई रिफर गर्ने होइन, त्यहीँ उपचार गर्न सक्ने बनाउने लक्ष्यतर्फ सरकार अघि बढेको उल्लेख गर्दै उनले स्वास्थ्यकर्मीलाई सेवा प्रभावकारी, गुणस्तरीय र जनमुखी बनाउन निर्देशन दिए । उनले भने- 'स्वास्थ्यकर्मीहरूलाई भन्न चाहन्छु, काबु बाहिरका जटिल रोगबाहेक अन्य सबै सेवा यहीँबाट दिनुपर्छ । बिरामीलाई उपचार गर्नुभन्दा रिफर गर्दा आनन्द मान्ने प्रवृत्ति रोक्नैपर्छ ।'

मुख्यमन्त्री आचार्यले अस्पतालमा मृगौलाको डायलासिस सेवा विस्तार गरिएको, आँखा उपचारका लागि छुट्टै कक्ष निर्माण भएको समेत जानकारी दिए ।

पछाडि परेका भूगोल, क्षेत्र र समुदायलाई प्राथमिकता दिँदै नीति तथा कार्यक्रम अगाडि बढाइएको जानकारी दिँदै उनले पश्चिम नवलपरासीलाई हेर्ने दृष्टिकोणमा कमजोरी आउन नदिइने स्पष्ट पारे । उनले क्रमागत, बहुवर्षीय तथा वार्षिक योजनामा यस क्षेत्रलाई उच्च प्राथमिकतामा राखिएको जानकारी गराए ।

मुख्यमन्त्री आचार्य र स्वास्थ्यमन्त्री खेमबहादुर सारुले संयुक्त रूपमा पृथ्वीचन्द्र अस्पतालको नयाँ भवन उद्घाटन गरेका हुन् ।

स्थापना भएको ११४ वर्ष पुरानो अस्पताल हाल ५० शैयाको क्षमतामा सञ्चालनमा छ । प्रदेश सरकारको पूर्व भौतिक पूर्वाधार मन्त्री बैजनाथ चौधरीको पहलमा १३ करोड ६६ लाख रुपैयाँ लागतमा दुई तल्ले नयाँ भवन निर्माण गरिएको हो ।

हाल अस्पतालमा ५९ जना कर्मचारी दरबन्दी कायम छ । जसमध्ये मेडिकल सुपरिटेन्डेन्ट १ जना, जनरल मेडिसिन २, सर्जरी २, गाइनेकोलोजी (महिला तथा प्रसूति रोग) ३, हाडजोर्नी १, नेत्र (अप्थाल्मोलोजी) १, रेडियोलोजी १, जेरियाट्रिक १, मेडिकल अधिकृत ४ तथा डेन्टल सर्जन २ जना गरी १९ जना चिकित्सक कार्यरत रहेको अस्पतालका मेडिकल सुपरिटेन्डन्ट डा. मोहम्मद नुरुल होदाले जानकारी दिए ।

अस्पतालमा बहिरङ्ग सेवा, आकस्मिक सेवा, प्रयोगशाला सेवा, अन्तरङ्ग सेवा, शल्यक्रिया सेवा, निःशुल्क प्रसूति सेवा, दन्त तथा आँखा उपचार, लैङ्गिक हिंसा सम्बन्धी परामर्श तथा उपचार, सुरक्षित गर्भपतन, हाडजोर्नी र फिजियोथेरापी, जनरल फिजिसियन, सिकलसेल एनेमिया परीक्षण र उपचार, रेडियोलोजी सेवा, क्षयरोग स्क्रिनिङ्ग, जेष्ठ नागरिक ओपीडी, स्वास्थ्य बीमा कार्यक्रम, पेन ओपीडी तथा मेडिकोलिगल र पोष्टमार्टम सेवाहरू सञ्चालनमा छन् । केही दिनअघि पहिलोपटक पित्तथैलीको शल्यक्रिया सफलतापूर्वक सम्पन्न गरिएको थियो भने मृगौलाको डायलासिस सेवा सुरु गर्ने तयारी भइरहेको अस्पतालले जनाएको छ ।

# मणिमुकुन्द कलेजद्वारा विद्यार्थी र अभिभावकलाई अभिमुखीकरण



बुटवल । विद्यार्थीहरुलाई पढाइसँगै अनुशासित र संस्कारयुक्त बनाउनुपर्नेमा सरोकारवालाले जोड दिएका छन् ।

मणिमुकुन्द कलेज बुटवलले कक्षा ११ मा भर्ना भएका विद्यार्थी र अभिभावकका लागि गरेको अभिमुखीकरण कार्यक्रमका वक्ताहरुले अनुशासन र संस्कारविनाको शिक्षाले व्यक्तिको जीवन पूर्णरुपमा सार्थक हुन नसक्ने बताए ।

कार्यक्रममा बोल्दै बुटवल उपमहानगरकी उप-प्रमुख सावित्रादेवी अर्यालले अभिभावकले घरमा र शैक्षिक संस्थाले विद्यालय र कलेजमा विद्यार्थीलाई आफ्नो संस्कार, संस्कृति सिकाएर नैतिकवान बनाउनुपर्नेमा आग्रह गरिन् । उनले आफ्ना बच्चालाई अत्यधिक मोबाइल प्रयोगको कुलतबाट जोगाउन पनि अभिभावकसँग आग्रह गरिन् ।

उनले १२ कक्षा उत्तीर्ण गर्ने बित्तिकै विदेश जानुभन्दा आफ्नै देशमा उद्यम वा रोजगारको सम्भावना देख्न विद्यार्थीलाई आग्रह गरिन् ।

बुटवल शिक्षाको हब बन्दै गएको बताउँदै उप-प्रमुख अर्यालले निजी विद्यालय चलाउन चुनौतीपूर्ण रहेको बताइन् । निजी शैक्षिक संस्था नभएको भए सरकारी विद्यालयले मात्रै सबै विद्यार्थी पढाउन सक्ने अवस्था नभएको प्रष्ट पार्दै उनले निजी स्कूल कलेजलाई सरकारले सकारात्मक दृष्टिले हेर्नुपर्ने बताइन् ।

संस्थाका प्राचार्य टूकबहादुर क्षेत्रीले सहभागीलाई स्वागत गर्दै २०५६ सालमा स्थापना भएर निरन्तर उत्कृष्ट नतिजा ल्याउँदै आएको बताए । पढाइसँगै खेलकुद र अतिरिक्त क्रियाकलापमा पनि मणिमुकुन्द अब्बल रहेको उनले जनाए ।

उकृष्ट नतिजाका लागि कलेजका प्राध्यापक, विद्यार्थी र अभिभावक सबैको मिहिनेत र लगनशीलता हुनुपर्ने उनले बताए । प्राचार्य क्षेत्रीले अभिभावकहरुले कलेज भर्ना गराएपछि सबै जिम्मेवारी कलेजको हो भन्ने नठानी छोरा छोरीहरूको दैनिक गतिविधि र व्यवहारको सुक्ष्म निगरानी गर्नुपर्ने सुझाव दिए ।

कार्यक्रममा संस्थाका अध्यक्ष गमप्रसाद रेश्मीमगर, राष्ट्रिय परीक्षा बोर्ड बुटवल वरिष्ठ अधिकृत बाबुराम भण्डारी, प्याब्सन लुम्बिनी प्रदेश अध्यक्ष लालहरि पाण्डे, हिसान रुपन्देही अध्यक्ष कृष्णबहादुर न्यौपाने, अभिभावक संघ केन्द्रीय सदस्य लोकनाथ ज्ञवाली, संस्थाका सञ्चालक उमापति न्यौपाने, संस्थाका व्यवस्थापन संकाय संयोजक पशुपति चौधरी, विद्यार्थीहरु एन्जल न्यौपानेलगायतले बोल्दै विद्यार्थीमैत्री पढाइ, सुविधासम्पन्न भौतिक पूर्वाधार र प्रयोगशाला तथा अतिरिक्त क्रियाकलापमा पनि उत्कृष्ट नतिजाका कारण मणिमुकुन्द लुम्बिनी प्रदेशकै अब्बल शैक्षिक संस्था बनेको बताए ।

कार्यक्रममा खेमराज रेग्मीले विद्यार्थी र अभिभावकलाई अभिमुखीकरण गरेका थिए । कार्यक्रममा विद्यार्थीहरुले गीत र नृत्य समेत प्रस्तुत गरेका थिए ।

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरु
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा
सादा डिजाइनका साथै
सम्पूर्ण छपाईको लागि सधै
हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क
(सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com




सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com